# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्याः-* ४११ *मिति :-* २०६३/१२/११

इजाजतपत्रप्राप्त “क” र राष्ट्रियस्तरका “ख” वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषय :- **विदेशी मुद्रा खाता खोल्न ग्राह्य अन्य व्यक्ति तथा संस्थाहरू वारे ।**

महाशय,

परिवर्त्य विदेशी मुद्राको खाता सञ्चालन व्यवस्थाका सम्बन्धमा देहाय वमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. <u>खाता खोल्न ग्राह्य व्यक्ति तथा संस्थाहरूः</u>

१.१ देहायका नेपाली नागरिक र नेपालमा वसोवास गर्ने व्यक्तिहरू, नेपाल वाहिर वसोवास गर्ने व्यक्तिहरू वा नेपाली सामाजिक संघ, संस्थाहरू वा विदेशी नागरिक तथा संघ, संस्थाहरूका नाममा परिवर्त्य विदेशी मुद्रामा खाता खोली दिनुपर्नेछ :

(क) अन्तर्राष्ट्रिय संघ, संस्था नियोग वा दूतावासमा काम गरी परिवर्त्य विदेशी मुद्रामा तलव भत्ता तथा पेन्सन पाउने व्यक्तिहरू ।

(ख) विदेशमा नोकरी, सेवा, तालिम, सेमिनार, अध्ययन र व्यवसाय गरी परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने व्यक्तिहरू ।

(ग) विदेशी कम्पनीको एजेन्ट भई परिवर्त्य विदेशी मुद्रामा कमिशन पाउने व्यक्तिहरू ।

(घ) नेपालमा दर्ता भई विदेशमा सेवा पुऱ्याई परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने कम्पनी, फर्म र संगठित इकाइहरू ।

(ङ) परिवर्त्य विदेशी मुद्रामा तलव, भत्ता तथा कमिशन आदि पाउने विदेशी कम्पनीका प्रतिनिधिहरू ।

(च) अन्तर्राष्ट्रिय संघ संस्था तथा प्रेसको प्रतिनिधि भै परिवर्त्य विदेशी मुद्रामा तलव, भत्ता पाउने व्यक्तिहरू ।

(छ) लेख, रचना, पुरस्कार, रोयल्टी वापत परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने व्यक्तिहरू ।

(ज) कन्सल्टेन्सी कार्य गरी परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने व्यक्ति वा संस्थाहरू ।

(झ) विदेशी नागरिक, संघ र संस्थाहरू वा नेपालस्थित विदेशी राजदूतावास तथा विदेशी कुटनैतिक नियोगहरू ।

(ञ) परिवर्त्य विदेशी मुद्रामा सहयोग, अनुदान पाउने नाफा आर्जन गर्ने उद्देश्य नभएका नेपालमा दर्ता भएका सामाजिक संघ संस्थाहरू ।

(ट) नेपाली नागरिकहरूलाई रोजगारीको लागि विदेश पठाउने कार्यमा संलग्न र प्रचलित नियमानुसार परिवर्त्य विदेशी मुद्रामा सेवा शुल्क रकम पाउने रोजगार सेवा संस्था (Manpower Agency)हरू ।

(ठ) दोश्रो विश्व युद्धको बेलामा युद्धबन्दी अवस्थाबाट गुज्रिनु परेका तत्कालिन ब्रिटिश गोर्खा अन्तर्गतका सैनिक वा निजका परिवारलाई ब्रिटिश सरकारले दिने क्षतिपूर्ति प्राप्त गर्ने हकदार व्यक्तिहरूले जनही अधिकतम स्टर्लिङ्ग पाउण्ड १०,०००।०० (अक्षेरेपी स्टर्लिङ्ग पाउण्ड दशहजार मात्र) सम्मको परिवर्त्य विदेशी मुद्राको खाता खोल्न सक्ने ।

१.२ <u>खाताका किसिम:</u>

परिवर्त्य विदेशी मुद्रा खाताहरू निम्न चार किसिमका हुनेछन् :

(क) चल्ति खाता (ख) बचत खाता (ग) कल खाता र (घ) मुद्दती खाता ।

चल्ति खातामा राखेको रकम मागेको बखत जहिले पनि झिक्न पाइने छ । मुद्दती, बचत र कल खाताबाट रकम झिक्न पाउने सीमा विषयमा त्यस बैंक/वित्तीय संस्थाबाटै तोक्न सकिनेछ ।

१.३ <u>खाता खोल्न चाहिने न्यूनतम रकम:</u>

खाता खोल्न आवश्यक न्यूनतम रकम सम्बन्धित बैंक/वित्तीय संस्थाले तोके बमोजिम हुनेछ ।

१.४ <u>खाता खोल्न पाइने विदेशी मुद्राहरू:</u>

नेपाल राष्ट्र बैंकले दैनिक रुपमा प्रकाशित गर्ने विनिमय दर सम्बन्धी सूचनामा समावेश भएका परिवर्त्य विदेशी मुद्राहरू मध्ये खरिद तथा विक्री दर उल्लेख भएका मुद्राहरू ।

१.५ <u>खाता खोल्ने प्रक्रिया:</u>

यसै परिपत्रको दफा-१.१ अन्तर्गत परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न पाउने व्यक्तिहरूलाई निजको विदेशी मुद्रा आर्जन सम्बन्धी कागजात पेश गर्न लगाई सम्बन्धित व्यक्तिको नाममा वा आफ्नो श्रीमान् वा श्रीमतीसँग संयुक्त रुपमा त्यस्तो खाता खोल्न दिनुपर्नेछ ।

१.६ <u>खातामा रकम जम्मा गर्ने तरिका:</u>

परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न ग्राह्य व्यक्तिले खाता खोल्नका लागि आवश्यक पर्ने न्यूनतम रकम र खातामा जम्मा गर्ने रकम वापत नगद, बैंक ड्राफ्ट, यात्रु चेक, टेलेक्स वा टेलिग्राफिक ट्रान्सफर, मेल ट्रान्सफर, मनी अर्डर, नेपाल बाहिर रहेको

बैंकको नाममा खिचेको चेक आदि स्वीकार गर्नुपर्नेछ । तर यस्ता चेक तथा ड्राफ्टहरू खातावालाको आफ्नै नाममा (Payee) हुनुपर्नेछ र दरपीठ (Endorsement) भएको हुनुहुँदैन ।

१.७ खातामा दिइने व्याज:

चल्ति खातामा साधारणतया व्याज दिइने छैन । अन्य खाताहरूको हकमा भने बैंक/वित्तीय संस्थाले आफै निर्धारण गरी व्याज दिनुपर्नेछ ।

१.८ खाताको सञ्चालन:

आफ्नो नाउँमा खोलेको खाता सञ्चालन गर्ने अधिकार खातावालाले अख्तियारी प्रदान गरेको अवस्थामा निजको दम्पती वा बाबु/आमा वा छोरा/छोरीले पनि सो खाता सञ्चालन गर्नसक्ने । संघ, संस्थाहरूको नाउँमा खोलेको खाताको हकमा सम्बन्धित संघ, संस्थाको सञ्चालक समिति वा अख्तियार प्राप्त निकायले तोके वमोजिम हुनेछ ।

१.९ सावाँ व्याजको व्ययभार:

(क) परिवर्त्य विदेशी मुद्रा निक्षेपको सावाँ र व्याज भुक्तानी गर्न नेपाल राष्ट्र बैंक वा नेपाल सरकारबाट विदेशी मुद्रा सम्वन्धित बैंक/वित्तीय संस्थालाई उपलब्ध हुनेछैन ।

(ख) परिवर्त्य विदेशी मुद्राको सावां र व्याज सम्वन्धित बैंक/वित्तीय संस्थाले आफ्नै खाताबाट भुक्तानी गर्नुपर्नेछ ।

१.१० परिवर्त्य विदेशी मुद्रा खातावाट खर्च गर्ने व्यवस्था:

(क) परिवर्त्य विदेशी मुद्रा खाताको रकमले भ्याएसम्म खातावालाले आफ्नो खाता खर्च गरी भुक्तानी दिन सक्नेछ । भुक्तानी पाउने व्यक्ति नेपाली नागरिक भई नेपाल र भारतमा नै भुक्तानी हुने भएमा रूपैयाँमा मात्र भुक्तानी गर्नुपर्नेछ । तर, भुक्तानी पाउने पक्ष नेपाल सरकारका निकायहरू भएको खण्डमा त्यस्तो बन्देज लाग्ने छैन् ।

(ख) परिवर्त्य विदेशी मुद्राको खाता खोल्ने व्यक्ति वा निजको परिवारका सदस्यहरूलाई भारत वाहेक अन्य मुलुकमा औषधोपचार, अध्ययन वा भ्रमणमा जानु परेमा कन्फर्म हवाई टिकट र वैध राहदानी सहित आफ्नो प्रयोजन खोली त्यस बैंक/वित्तीय संस्थामा निवेदन दिएमा आवश्यकतानुसार रकम झिक्न दिनुपर्नेछ। हवाई टिकटको हकमा भने सम्बन्धित एयरलाइन्स वा ट्राभल एजेन्सीको नाममा एकाउन्टपेयी चेक वा ड्राफ्टको माध्यमबाट मात्र भुक्तानी गर्नुपर्दछ ।

(ग) विदेशबाट माल सामान आयात गर्न खातावालाले अनुरोध गरेमा व्यक्तिगत प्रयोगको लागि आयात गरिने भनी तोकिएका वस्तुहरू र खुला इजाजतपत्र (OGL) अन्तर्गत रहेका वस्तुहरू आयातगर्न खातावालाको खाताबाट भुक्तानी दिन सकिनेछ ।

(घ) परिवर्त्य विदेशी मुद्राको खाताबाट नगद विदेशी मुद्रा झिक्ने व्यवस्थाको हकमा कूटनैतिक सुविधा प्राप्त व्यक्तिहरूले आफ्नो परिवर्त्य विदेशी मुद्रा खाताबाट नगदको रुपमा भुक्तानी लिन चाहेमा त्यस्तो भुक्तानी नगदमै पनि दिन सकिने छ । तर, यसरी नगदमा भुक्तानी गर्दा नगद नोटहरू पछि Counterfeit ठहरिएमा स्वयम खातावाला नै जिम्मेवार हुने भन्ने व्यहोराको शर्त अनिवार्य रुपले राख्नुपर्नेछ । अन्य खातावालाहरूलाई बढीमा अमेरिकी डलर १०० (एकसय) सम्म नगदमा भुक्तानी गर्न सकिनेछ ।

कूटनैतिक सुविधा प्राप्त व्यक्ति भन्नाले नेपालस्थित विभिन्न विदेशी राजदूतावासहरू एवं नेपाल सरकार, परराष्ट्र मन्त्रालयवाट यस्तो सुविधा प्रदान गरिएका व्यक्तिहरूलाई मान्नुपर्नेछ र यस्तो व्यहोरा प्रमाणित हुने कागजातको प्रतिलिपि पनि राख्नुपर्नेछ ।

१.११ विवरण पेश गर्नुपर्ने:

परिवर्त्य विदेशी मुद्रा खाताको सम्वन्धमा नेपाल राष्ट्र बैंकले समय समयमा तोके वमोजिमको विवरण तोकिएको अवधिभित्र यस विभागमा पठाउनु पर्नेछ ।

१.१२ गोपनीयता:

परिवर्त्य विदेशी मुद्रा निक्षेपको वही र हरहिसाबको विवरण सम्बन्धित खातावाला व्यक्ति र नेपाल राष्ट्र बैंकले आदेश दिएको व्यक्तिलाई वाहेक अरू कसैलाई पनि दिनु वा भन्नु हुँदैन । कथंकदाचित् गोप्यता भङ्ग भएको थाहा भएमा प्रचलित ऐन नियम अनुसार सजायँ हुनेछ ।

१.१३ आयकर छुट:

परिवर्त्य विदेशी मुद्राको खातामा जम्मा हुन आएको रकममध्ये पूँजीको रुपमा जम्मा हुन आएको परिवर्त्य विदेशी मुद्राको रकममा मात्र आयकर लाग्ने छैन ।

२. **विमा कम्पनीहरूलाई विदेशी मुद्रा खाता खोल्न दिने :**

नेपालमा कार्यरत विमा कम्पनीहरूले निम्नलिखित शर्तनामाहरूको अधीनमा रही विदेशी मुद्रा खाता खोल्न सक्नेछन् :-

(क) खाता खोल्न इच्छुक विमा कम्पनीले विमा समितिबाट विमा व्यवसाय गर्न इजाजतपत्र पाएको हुनुपर्ने ।

(ख) विमा प्रिमियम वापत पाएको विदेशी मुद्रा रकम र विमा दावी स्वरूप विदेशस्थित इन्स्योरेन्स कम्पनीहरूबाट प्राप्त विदेशी मुद्रा रकम मात्र त्यस्तो विदेशी मुद्रा खातामा जम्मा गर्न सकिने ।

(ग) त्यस्तो विदेशी मुद्रा खाताबाट तोकिएको सीमाभन्दा बढीको रिइन्स्योरेन्स (Reinsurance) प्रिमियम भुक्तानी पठाउँदा यस बैंकको स्वीकृति लिनुपर्ने ।

(घ) आ-आफ्नो कर्मचारीहरूलाई कार्यालयको काममा विदेश भ्रमणमा पठाउनुपर्ने भएमा कार्यालयको नियमानुसार प्रदान गरिने विदेशी मुद्राको भुक्तानी वापतको रकम सोही खाताबाट खर्च गर्न सकिनेछ ।

(ङ) खाता सञ्चालन सम्बन्धी अन्य व्यवस्था माथि दफा-१ मा उल्लेख भए वमोजिम हुनेछ ।

३. **Remittance सम्वन्धी कारोवार गर्ने निकायहरूलाई विदेशी मुद्रामा खाता खोल्न दिने** :

यस बैंकवाट इजाजत लिई Remittance सम्वन्धी कारोवार गरि रहेका निकायहरूले निम्न सर्तहरू अन्तर्गत रही परिवर्त्य विदेशी मुद्राको खाता खोल्न सक्नेछन् ।

(क) विदेशस्थित बैंकहरूवाट त्यस्तो निकायको नाममा प्राप्त हुने परिवर्त्य विदेशी मुद्रा मात्र जम्मा गर्न मिल्नेछ ।

(ख) त्यसरी खोलिएको खातामा रहेको मौज्दात खातावालाले चाहेमा नेपालस्थित कुनैपनि बैंक/वित्तीय (इजाजतपत्रप्राप्त) संस्थालाई विक्री गर्न सकिनेछ ।

(ग) यस्तो खातामा जम्मा भएको विदेशी मुद्रा जम्मा भएको मितिले बढीमा ७ (सात) दिन सम्म मात्र राख्न पाउनेछ । सो म्याद नाघेपछि त्यस्तो विदेशी मुद्रा रकम सम्वन्धित बैंक/वित्तीय संस्थाले स्वतः अनिवार्य रुपमा नेपाली रुपैंयाको खातामा रकमान्तर (Transfer) गर्नु पर्नेछ ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक